# के तपाईं बाल एवं युवा सुरक्षित संगठन रूपरेखा (Child and Youth Safe Organisations Framework) को लागि तयार हुनुहुन्छ?

**बाल एवं युवा सुरक्षित संगठन रूपरेखा (फ्रेमवर्क) (Child and Youth Safe Organisations Framework) के हो?**

- यदि तपाईंको संगठन बालबालिका र युवाहरूसँग संलग्न छ भने, 2024 देखि बाल एवं युवा सुरक्षित संगठन रूपरेखाको पालना गर्न कानुनीरूपमा आवश्यक हुन सक्छ।

- यी नयाँ कानुनी आवश्यकताहरू बालबालिका र युवाहरूलाई संगठनात्मक परिवेशमा सुरक्षित राख्ने बारेमा छन्।

- यस्तै कानुनी आवश्यकताहरूले अन्य अष्ट्रेलियाका राज्यहरूमा संगठनहरूले बालबालिका र युवाहरूको सुरक्षाको अधिकारलाई कायम राख्न आफ्नो सीपलाई सुदृढ बनाएको देखेका छन्।

**यो फ्रेमवर्क कसलाई लागू हुन्छ?**

- संगठनहरू जसले विशेषगरी बालबालिकाको लागि सेवाहरू प्रदान गर्दछ, वा विशेषगरी उनीहरूको सुपरीवेक्षणमा बालबालिकाको प्रयोगको लागि सुविधाहरू प्रदान गर्दछ।

- पालना गर्नुपर्ने संगठनहरूका केही उदाहरणहरूमा निम्नलगायतका छन्:
  - बाल हेरचाह र शिशुस्याहार सेवाहरू
  - बालबालिकाहरुको महत्वपूर्ण सदस्यता वा संलग्नता भएका क्लबहरू र संगठनहरू
  - आस्थामा आधारित समूहहरू वा धार्मिक संगठनहरू जसले गतिविधि वा सेवाहरू सञ्चालन गर्छन् जसको माध्यमबाट वयस्कहरूको बच्चाहरूसँग सम्पर्क हुन्छ।

**मैले के गर्नुपर्छ?**

- यस फ्रेमवर्कमा बाल एवं युवा सुरक्षित मानक (Child and Youth Safe Standards) , र रिपोर्ट योग्य आचरण योजना (Reportable Conduct Scheme) दुवै समावेश हुन्छन्।

- बाल एवं युवा सुरक्षित मानक 10 सिद्धान्तहरू हुन् जुन संगठनहरूले बालबालिका र युवाहरूसँग संलग्न हुँदा व्यवहारमा ल्याउनु पर्छ। बाल एवं युवा सुरक्षित मानक लाई व्यवहारमा ल्याउन, संगठनहरूले आदिवासी सांस्कृतिक सुरक्षाको लागि विश्वव्यापी सिद्धान्त (Universal Principle for Aboriginal Cultural Safety) पनि लागू गर्नु पर्छ।

- रिपोर्ट योग्य आचरण योजना एक नयाँ, अनिवार्य योजना हो जसले केही निश्चित संगठनका नेताहरूलाई कामदारसँग सम्बन्धित बाल दुर्व्यवहारसँग सम्बन्धित आचरणको बारेमा रिपोर्ट गर्न र अनुसन्धान गर्न आवश्यक हुन्छ।

- फ्रेमवर्कको पालना गर्न आवश्यक संगठनहरूले आफ्नो नयाँ कानुनी दायित्वहरू पूरा गर्न सहयोग प्राप्त गर्नेछन् र उनीहरूले पालना गरिरहेका छन् भन्ने अर्थमा पहिले नै काम गरिरहेका हुन सक्छन्।

# बाल एवं युवा सुरक्षित मापदण्ड (Child and Youth Safe Standards)

बाल एवं युवा सुरक्षित मापदण्ड (Child and Youth Safe Standards) 10 सिद्धान्तहरू हुन् जसले कुनै संगठनले आफ्नो केन्द्रमा बालसुरक्षा र कल्याणको साथ कसरी संस्कृति विकास गर्न सक्छ भनेर रूपरेखा दिन्छ।

बाल एवं युवा सुरक्षित मापदण्ड निम्न कुराहरूका लागि डिजाइन गरिएका छन्:

- बालबालिका र युवाहरूको सुरक्षा र कल्याणलाई बढावा दिन
- बालबालिका र युवाहरूलाई हुने दुर्व्यवहार र हानि रोक्न
- बालबालिका र युवाहरूसँग संलग्न हुने संगठनहरुले पूरा गर्न आवश्यक पर्ने बेन्चमार्क सिर्जना गर्न
- बालबालिका र युवाहरूसँग संलग्न संगठनहरुले यी कुराहरू महसुस गर्न आफ्नो दैनिक अभ्यासमा रणनीतिहरू एकीकृत गरेको सुनिश्चित गर्न।

सबै 10 मापदण्डहरूलाई कार्यान्वयन गरेर संगठनहरूले आदिवासी सांस्कृतिक सुरक्षाको लागि विश्वव्यापी सिद्धान्त (Universal Principle for Aboriginal Cultural Safety) भनिने कुरालाई पनि लागू गर्नु पर्छ।

विश्वव्यापी सिद्धान्तले संगठनहरुलाई आदिवासी वा टोरेस स्ट्रेट आइल्याण्डवासी (Aboriginal or Torres Strait Islander) बालिकाहरूको सांस्कृतिक सुरक्षाको (Cultural Safety) अधिकारको सम्मान गरिएको सुनिश्चित गर्ने वातावरण प्रदान गर्नुपर्दछ।

यी 10 मापदण्डहरू यस्ता हुन्:

**मापदण्ड 1:** बाल सुरक्षा र कल्याण संगठनात्मक नेतृत्व, शासन र संस्कृतिमा निहित छ।

**मापदण्ड 2:** बालबालिका र युवाहरूलाई उनीहरूको अधिकारको बारेमा जानकारी दिइन्छ, उनीहरूलाई असर गर्ने निर्णयहरूमा भाग लिन्छन् र उनीहरुलाई गम्भीर रूपमा लिइन्छ।

**मापदण्ड 3:** परिवार र समुदायहरूलाई बाल सुरक्षा र कल्याणलाई बढावा दिन सूचित र संलग्न गराइन्छ।

**मापदण्ड 4:** समतालाई कायम राखिन्छ र नीति र अभ्यासमा विविध आवश्यकताहरूको सम्मान गरिन्छ।

**मापदण्ड 5:** बालबालिका र युवाहरूसँग काम गर्ने मानिसहरू व्यवहारमा बाल सुरक्षा र कल्याणका मापदण्डहरू प्रतिविम्बित गर्न उपयुक्त र सहायताप्राप्त हुन्छन्।

**मापदण्ड 6:** गुनासो र चिन्ताहरूको जवाफ दिने प्रक्रियाहरू बालबालिका केन्द्रित हुन्छन्।

**मापदण्ड 7:** कर्मचारी र स्वयंसेवकहरू बालबालिका र युवाहरूलाई निरन्तर शिक्षा र प्रशिक्षणमार्फत सुरक्षित राख्नको लागि ज्ञान, सीप र जागरूकताले सुसज्जित छन्।

**मापदण्ड 8:** भौतिक र अनलाइन वातावरणले बालबालिका र युवाहरूलाई हानि पुऱ्याउने अवसरलाई कम गर्दै सुरक्षा र कल्याणलाई बढावा दिन्छ।

**मापदण्ड 9:** बाल एवं युवा सुरक्षित मापदण्ड को कार्यान्वयनको नियमित समीक्षा र सुधार गरिन्छ।

**मापदण्ड 10:** नीति र प्रक्रियाहरूले संगठन बच्चाहरू र युवाहरूको लागि कसरी सुरक्षित छ भनेर चित्रित गर्दछ।

बाल एवं युवा सुरक्षित मापदण्ड रिपोर्ट योग्य आचरण योजनाको पूरक हुन्छन्, जुन बाल एवं युवा सुरक्षित संगठन रूपरेखा को अर्को प्रमुख तत्व हो।

# रिपोर्ट योग्य आचरण योजना (Reportable Conduct Scheme)

रिपोर्टयोग्य आचरण योजना (Reportable Conduct Scheme) बालबालिका र युवाहरूसँग संलग्न संगठनहरूको बारेमा हो जसले उनीहरूको भलाइको चिन्तालाई गहन, पारदर्शी, सुरक्षित र बाल-केन्द्रित तरिकाबाट अनुसन्धान गर्दछ।

यसलाई एक स्वतन्त्र नियामकद्वारा सुपरिवेक्षण गरिन्छ जसले संगठनहरूलाई उनीहरूको सीप र आत्मविश्वासलाई सुदृढ पार्न मद्दत गर्ने उद्देश्यले यी अनुसन्धानहरू कसरी सञ्चालन गरिन्छ भनेर अनुगमन गर्दछ।

यसको लागि निश्चित संगठनका नेताहरूलाई निम्न कुराहरू गर्न आवश्यक गराउँछ:

- स्वतन्त्र नियामक (Independent Regulator) लाई उनीहरूको संगठनमा भएको कामदार संलग्न बाल दुर्व्यवहारसँग सम्बन्धित आचरणको चिन्ता रिपोर्ट गर्न, र
- यी चासोहरूको छानबिन गर्न।

'कामदार ' द्वारा, भन्नाले स्वयंसेवकहरू पनि हो।

रिपोर्ट गर्न सकिने आचरणमा निम्न कुराहरू समावेश छन्:

- उल्लेखनीय भावनात्मक वा मनोवैज्ञानिक क्षति
- उल्लेखनीय लापरवाही
- शारीरिक हिंसा
- यौन अपराध
- यौन दुर्व्यवहार
- नाबालिगहरूलाई तयार बनाउने (grooming)
- बाल दुर्व्यवहार र महिला जननांग विकृतिको रिपोर्ट नगरेको जस्ता सान्दर्भिक अपराधहरू।

रिपोर्टयोग्य आचरण योजनाले व्यवहारमा कसरी काम गर्छ:

- तीन कामकाजी दिनभित्र: नेताहरूले स्वतन्त्र नियामकलाई लिखितरूपमा रिपोर्ट गर्न सकिने आचरणको रिपोर्ट गर्नुपर्छ। तिनीहरूले आधारभूत विवरणहरू प्रदान गर्नुपर्छ जस्तै:
    - कामदारको नाम र, यदि थाहा छ भने, जन्म मिति
    - रिपोर्ट गर्न सकिने आचरणको आरोप लगाइएको छ, वा कामदारको विरुद्धमा रिपोर्ट गर्न सकिने सजाय दर्ता गरिएको छ भने
    - यदि रिपोर्ट गर्न सकिने आरोप आपराधिक व्यवहारको शंका हो छ भने, यदि तस्मानिया प्रहरीलाई सूचित गरिएको छ भने
    - संगठनको नाम, ठेगाना र टेलिफोन नम्बर
    - संगठनको नामको अगुवा।
- **सकेसम्म चाँडो:** नेताहरूले अनुसन्धान सुरु गर्नुपर्छ (वा त्यसो गर्न स्वतन्त्र अनुसन्धानकर्मी लगाउनुपर्छ)।

- **३० दिनभित्र:** नेताहरूले स्वतन्त्र नियामकलाई विस्तृत जानकारी प्रदान गर्नुपर्छ, जसमा निम्न समावेश छन्:
    - आरोप वा सजायको बारेमा जानकारी
    - कुनै कारबाही गरिएको छ कि छैन (उदाहरणका लागि, बच्चाहरूसँगको कामदारको सम्पर्कमा सीमा राख्नु)
    - कुनै पनि लिखित प्रेषणहरू।
- **अनुसन्धानको अन्त्यमा:** नेताहरूले स्वतन्त्र नियामकलाई निम्न जानकारी प्रदान गर्नुपर्छ:
    - अनुसन्धानका निष्कर्षहरू
    - निष्कर्षका कारणहरू
    - निष्कर्षका नतिजाको रूपमा लिइएको कुनै पनि कार्यको विवरण।

यी अनुसन्धानहरूलाई सम्भावित काममा हुने दुर्व्यवहारको बारेमा हुने कुनै पनि सामान्य कार्यस्थल अनुसन्धानसँग जस्तै मान्न सकिन्छ।

यदि तपाईंसँग प्रश्नहरू छन् भने, https://www.justice.tas.gov.au/carcru/framework मा।

## मुख्य शब्दावलीहरू:

**संगठनको नेता** - संगठनको नेता त्यो व्यक्ति हो जस्ले संगठनको तर्फबाट निर्णय लिनको लागि मुख्य रूपमा जिम्मेवार हुन्छ। यो प्रमुख कार्यकारी अधिकारी (CEO), प्रमुख अधिकारी (यसमा व्यवसाय मालिक वा फ्रान्चाइजी समावेश हुन सक्छ) वा संस्थाको मान्यताप्राप्त प्रमुख हुन सक्छ।

**संगठन** – बाल एवं युवा सुरक्षित संगठन रूपरेखा (Child and Youth Safe Organisations Framework) वेबसाइटमा सूचीबद्ध कम्पनी, संस्था, वा संघजस्ता संस्था।

**कानुनी आवश्यकताहरू** – संगठनहरूले पालना गर्नुपर्ने अनिवार्य नियमहरू।

**बालबालिका** – 18 वर्षमुनिका व्यक्तिहरू।

**युवाहरू** – 16 वर्षभन्दा माथिका तर 18 वर्षभन्दा कम उमेरका व्यक्तिहरू।

**रिपोर्ट गर्न सकिने आचरण (Reportable conduct)**– बाल एवं युवा सुरक्षित संगठन रूपरेखा वेबसाइटमा सूचीबद्ध संस्थाको कामदार संलग्न बालदुर्व्यवहारसम्बन्धी आचरण।